# सुन्दरदुलारी नगरपालिका कार्यालय

दुलारी, मोरङ ।

फोन न.: ०२५-५८१८४४

प.न.                                                                                  मिति : २०७३/२ /११

च.न.

**विषय : सुन्दरदुलारी नगरपालीकाको आन्तरिक आय संकलन ठेक्का आवहानको सुचना**

**<u>प्रथम पटक प्रकाशित</u>**

सुन्दरदुलारी नगरपालीका द्धारा आ.वा. २०७३।२०७४ का लागी स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४को नियम १६७ अनुसार नगरपालीकाले लिनपाउने आन्तरिक आयहरु ठेक्का द्धारा वन्दोवसत गर्नु पर्ने भएकोले ईच्छुक व्याक्ती फर्महरुले तोकीएका शर्त तथा वन्देजको अधिनमा रही गोप्य शिलवन्दी वोलपत्र पेश गर्नुहुन सम्वन्धित सवैकोलागी यो सूचना प्रकाशित गरिन्छ । साथै ठेक्काको १५ दिने सुचना नगरपालीकाको सुचना पाटी र ब्लाष्ट दैनिकमा प्रकाशित गरिएको छ ।

| क्र.स. | ठेक्काको नाम | न्यनतम अंक | वेलपत्र फारम दस्तुर | वेलपत्र फारम खरिद गर्ने अन्तिम मिति | वोलपत्र बुझाउने अन्तिम मिति | वेलपत्र वुझाउने स्थान | वेलपत्र खोलीने समय र मिति | कै. |
|---|---|---|---|---|---|---|---|---|
| २ | पटके सवारी कर | ११०००००। | १००० | २०७३।२।२५गते कार्यालय समय | २०७३।२।२६ गते १२ वजे | सुन्दरदुलारी नगरपालीका कार्यालय | २०७३।२।२६ गते २ वजे | वर्डन १देखी ११ सम्म |
| ३ | साप्तहीक गोठगाउ. हटियाकर | ७००००। | ५००। | २०७३।२।२५गते कार्यालय समय | २०७३।२।२६ गते १२ वजे | सुन्दरदुलारी नगरपालीका कार्यालय | २०७३।२।२६ गते २ वजे | वर्डन |
| ४ | साप्ताहीक गछिया हटिया | ३६५०००। | ५००। | २०७३।२।२५गते कार्यालय समय | २०७३।२।२६ गते १२ वजे | सुन्दरदुलारी नगरपालीका कार्यालय | २०७३।२।२६ गते २ वजे | वर्डन २ |
| ५ | भैसीगोठ ठेक्का | २५००००। | ५००। | २०७३।२।२५गते कार्यालय समय | २०७३।२।२६ गते १२ वजे | सुन्दरदुलारी नगरपालीका कार्यालय | २०७३।२।२६ गते २ वजे | वर्डन ११ |
| ६ | पशुहाट ठेक्का | १५००००। | ५००। | २०७३।२।२५गते कार्यालय समय | २०७३।२।२६ गते १२ वजे | सुन्दरदुलारी नगरपालीका कार्यालय | २०७३।२।२६ गते २ वजे | वर्डन ८ |

१.माथी उल्लेखित ठेक्काहरुवाट कर दस्तुर असुल गर्दा सुन्दरदुलारीनगरपालीकाले तोकीदिएको संकलन केन्द्रवाट मात्र ठेकेदारले कर दस्तु असुल गनुपर्ने छ ।

२.कर असुलीको दर रेट एवम ठेकापट्टाको शर्तहरु वोलपत्र साथ उपलब्ध गराईने छ ।

३.ठेक्काको अवधी २०७३ श्रावण १गते देखी२०७४ असाढ मसान्त १एक वर्ष सम्मको लागी मात्र कायम गरिएको छ ।

४.प्रत्येक ठेक्काको छुट्टृ छुटै वोलपत्र फारम खरिद गरि जुन ठेक्का प्रतिस्पर्धा गर्नेहो सो को छुट्टा छुटै वोलपत्र पेश गर्नु पर्ने छ ।

५.वोलपत्र दाताले खामको वाहिरी पटी ठेक्काको विवरण सुन्दरदुलारीनगरपालीका भनि प्रष्ट बुझिने गरि उल्लेख गनुपर्ने छ ।

६.शिलवन्दी वोलपत्र साथ नागरिकताको प्रतिलिपी संलग्न हुनु पर्नेछ छ। धरौटी रकम कवोल गरेको अंक नेपाली नागरिक भए ५%प्रतिशत विदेशी नागरक भए १० % प्रतिशत रकम नगरपालीकाको **नाममा रहेको** कृर्षी विकास बैक विराट चौकको खाता नं. मा जम्मा गरी सोको भौचर सक्कलै पेश गर्नु पर्ने छ नगदलाई मान्यता दिईने छैन ।

७.कवोल अंक र अक्षरमा प्रष्ट लेख्नु पर्ने अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखीएकोलाई मान्यता दिईने छ ।

८.शिलवन्दि वोलपत्र दाखिला गर्ने अन्तिम दिन वा वोलपत्र खोलीने दिन विदा परेमा कार्यालय खोलीएको दिन उक्त कार्य गरिनेछ ।

९.ठेक्का रकम एकमुष्ठ वुझाउनुपर्ने छ । एकमुष्ट वुझाउदा कवोल गरेको अंकको १०% प्रतिशतले **हुने** रकम छुट दिईने छ ।

१०.सुन्दरदुलारीनगरपालीका वार्डनं.१ देखी ११ सम्मका राष्ट्रिय राजमार्ग वा सहायक राजमार्ग तथा जिल्ला सडक वाहेकका सडकमा आवत जावत गर्ने सवारी साधनवाट मात्र नियमानुसार पटके सवारी कर संकलन गर्नु पर्नेछ । सुन्दरदुलारीनगरपालीका भित्र संचालन हुने स्विकृत सार्वजनिक योजनाहरुको लागी आवश्यक पर्ने निर्माण सामाग्री वोकेको सवारी साधनमा पटके सवारी कर लिन पाईने छैन ।२०७३ साल आषाढ मसान्त भित्र यस नगरपालीको ठेगानामा यातायत कार्यालयले दिईएको बूलूवूक वाला सवारी साधन धनिले वार्षिक सवारीकर बुझाएका सवारी साधनमा पटके सवारीकर लाग्ने छैन त्यस्ता सवारी साधनको विवरण सुन्दरदुलारीनगरपालीकाले उपलब्ध गराउने छ । वार्षिक सवारी साधनको दर रेट निजी तथा भडाका वस ट्रक लहरी आदी साधन प्रति गोटा रु३०००। टयाक्टरको रु२०००। मिनि वस मिनि ट्रक मिनि टयाक्टर प्रति गोटा रु १०००। निजी तथा भाडाका जिप कार ल्याण्डोरभर प्रति गोटा ५००। ड.टेम्पो सिटि रिक्सा पावर टिलर प्रति गोटा रु३००। मिति २०७३ साल अषाढ मसान्त भित्र नगरपालीका कार्यालयमा आई वूझाई सक्नू पर्ने छ ।

११. वोलपत्र स्विकृत भएको ७ दिन भित्र सम्झौता गरि सक्नु पर्ने छ । उक्त अवधीमा सम्झौता गर्न नआएमा नियमानुसार कार्यवाही अगाडी वढाईने छ ।

१२.प्रचली कानुन अनुसार लाग्ने कर तथा दस्तुर ठेकेदार स्वयमले नै आफनो तर्फवाट व्यहोर्नु पर्नेछ ।

१३.ठेकेदारले नेपाल सरकार तथा सुन्दरदुलारीनगरपालीकाले समय समयमा दिएको निर्देशनहरुको पालना गर्नु पर्ने छ । र यस कार्यालय तथा ठेकेदार वीच विवाद भएमा सुन्दरदुलारीनगरपालीकाले गरेको निर्णय अन्तिम हुने छ ।

१४.सुन्दरदुलारीनगरपालीकालाई वुझाउनुपर्ने वाकी वक्यौता भएका व्याक्तीहरुको वोलपत्रलाई वाकी वक्यौता नवुझाए सम्म स्वीकृत गरिने छैन ।

१५.ठेकेदारले राखेको धरौटी रकम ठेक्का अवधि समाप्त भएपछी आन्तरिक राजश्व कार्यालयमा  आय कर तथा मुल्य अ.कर तिरेको प्रमाण र सुन्दरदुलारीनगरपालीकावाट कर असुलीमा प्रयोग भएको रसिद जाचवुझ भएपछी मात्र फिर्ता दिईने छ । यसरी रसिद चेक गर्दा तोकीएको दर रेट र वस्तु र फरक दर रेट मा कर असुल गरेको पाईएमा सो वरावरको रकम धरौटी रकमवाट कट्टा गरि वाकी रकम मात्र फिर्ता दिईने छ ।

१६.ठेक्का कवोल गर्ने ठेकेदारले सुन्दरदुलारीनगरपालीकाले तोकी दिएको कर उठाउदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफै छपाई  रसिदहरु यस कार्यालयवाट कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीवाट अनिवार्य प्रमाण्ति गराई प्रयोग गर्नु पर्ने छ ।प्रमाणित वाहेकका  रसिदवाट कर उठाएको पाईएमा वा उजुरी परेमा नियमानुसर कारवाही चलाईनेछ ।

१७.वन्द हडताल जस्ता मानव सृजित कारणवाट सृजना हुने अवस्ताको कारण कर छुट वा मिनाहा दिईने छैन ।

१८.एक व्याक्ती वा फर्मको नाममा खरिद गरेको वोलपत्र फारम अर्को व्याक्ती वा फर्मको नामवाट दाखिला गर्न पाईने छैन ।

१९.विदेशवाट आयत गरि भन्सार तिरिसकेको मालसमानमा कर उठाउन पाईने छैन ।

२०.यो सुचना वमोजिमकोदाखिला भएको कुनै वा सवै वोलपत्र स्थानिय निकायले कुनै कारण देखाई वा नदेखाई स्वीकृत वा अस्वीकृत गर्न सक्ने छ ।

२१.कर असुलीको दररेट एवं कर लाग्ने वस्तुको विवरण सहितको होडिङ. वोर्ड ठेकेदारले प्रत्येक संकलन केन्द्रमा सवैले दखिने गरि अनिवार्य रुपमा राख्नु पर्ने छ ।

२२.कनै एक ठाउमाराखेको धरौटी रकम अर्को कुनै ठेक्कामा समायोजन वा सदरस्याहा गरिने छैन ।

२३.कुनै शर्त सहितको वोलपत्र स्वीकृत हुने छैन ।

२४स्थानिय निकायले तोकेको दर भन्दा वढी दरमा कर असुल गरेमा वा सम्झौतामा उल्लेख भए वाहेकका मालवस्तुमा कर सेवा शुल्क वा दस्तुर असुल गरेमा वा दोहोरो हुने गरि कर लिएमा त्यस्तो कर वरावरको रकम ठेकेदारले यस कार्यालयमा राखेको धरौटी रकमवाट कट्टा गरि  सम्वन्धित पक्षलाई उपलवध गराईने छ । र स्थानिय स्वायत्त  शासन ऐन २०५५ स्थानिय स्वायत्त शासन नियमावली २०५६ र स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ वमोजीम कारवाही गरिने छ ।

२५.सुचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानुन अनुसार हुने छ  ।

२६.ठेकका स्वीकृत भएपछी ठेक्का लिने पक्षले पान नं. लिई ठेक्का वापतको रकम कर कार्यालयमा दाखिला गर्नुपर्ने छ ।

२७.सेवामुलक एम्बुल्लेन्स,सववाहान, दमकल विदेसीकुटनीतिक नियोगको गाडीमा पटके सवारीकर लिन पाईने छैन।

1.पटके सवारी करको दररेट

क.निजी तथा भडाका वस ट्रक लहरी आदी साधन प्रति गोटा रु २०।

ख.टयाक्टरमा २०।

ग.मिनि वस मिनि ट्क मिनि टयाक्टर प्रति गोटा १०।

घ.निजी तथा भाडाका जिप कार ल्याण्डोरभर प्रति गोटा ५।

ङ.टेम्पो सिटि रिक्सा पावर टिलर प्रति गोटा ५।

२.साप्तहीक गोठगाउ र गछिया हटियाको दर रेट

| सि न. | बिषय | विवरण | दररेट | कैफियत |
|---|---|---|---|---|
| १ | **माछा, मासु विक्रि सम्बन्धि** | ➢ खसि बोका काटि विक्री गर्ने पसलमा प्रति गोटा | १००। | |
| | | ➢ सुगुर बंगुर काटी बिक्रि गर्ने पसलमा प्रति गोटा | १००। | |
| | | ➢ राँगा काटि काटी बिक्रि गर्ने पसलमा प्रति गोटा | १००। | |
| | | ➢ माछा विक्रि गर्ने पसल | २०। | |
| २ | **कपडा तथा जुत्ता चप्पलसँग सम्बन्धि व्यवसायमा** | ➢ रेडिमेट सामान र थान कपडा विक्रि गर्ने पसलमा | ५०। | |
| | | ➢ जुत्ता चप्पल विक्रि गर्ने पसल ठूलो | ३०। | |
| | | ➢ जुत्ता चप्पल विक्रि गर्ने पसल सानो | १५। | |
| | | ➢ जुत्ता चप्पल सिलाई गर्ने मोची | ५। | |
| ३ | **तरकारी तथा फलफूलसँग सम्बन्धित व्यवसायमा** | ➢ फलफूल, नास्ता ठेलामा राखि विक्री गर्ने | १५। | |
| | | ➢ साग सब्जी डोकामा वा डालामा ल्याई बेच्ने | ८। | |

| | | | | |
|---|---|---|---|---|
| | | ➢ भारमा सव्जी ल्याई बेच्ने | ८। | |

| सि न. | बिषय | विवरण | | |
|---|---|---|---|---|
| | | | दररेट | कैफियत |
| | | ➢ सिजन अनुसारको साग सव्जी आलु पसल ठूलोमा | ३०। | |
| | | ➢ सिजन अनुसारको साग सव्जी आलु पसल सानोमा | १५। | |
| | | ➢ फलफूल सागसव्जी प्रति बयलगाडा | १५। | |
| | | ➢ फलफूल सागसव्जी प्रतिवोरा र अन्य साना फलफूल पसलमा | ६। | |
| २ | **खाद्यान्न सँग सम्बन्धित** | ➢ चामल, दाल, अदुवा, लसुन, खोर्सानी आदि विक्रि गर्ने पसल | १५। | |
| | | ➢ मकै पोली बेच्ने | ६। | |
| | | ➢ किराना पसल | २०। | |
| | | ➢ माछा मासु तरकारी बनाई विक्रि गर्ने | २०। | |
| ३ | **परम्परागत सिप सँग सम्बन्धित व्यवसाय** | ➢ माटाका भाँडा बेच्ने पसल ठूलो | १५। | |
| | | ➢ माटाका भाँडा बेच्ने पसल सानो | १०। | |
| | | ➢ कूचो, कुनीया नांलो बेच्ने | १५। | |
| | | ➢ जडिबुटी विक्रि गर्ने, कपाल काट्नेलाई | १५। | |

| सि न. | बिषय | विवरण | दररेट | कैफियत |
|---|---|---|---|---|
| १ | पशुपंक्षी विक्रि सँग सम्बन्धित | ➢ जिउँदो खसि, बोका, | | एउटा मात्र हाँस, परेवा, कुखुरा बेच्नेलाई कर नलाग्ने |
| | | ➢ राँगा, सुँगुर बेच्नेलाई प्रतिगोटा | ८० | |
| | | ➢ हाँस, परेवा, कुखुरा बेच्नेलाई | १०। | |
| २ | अन्य व्यवसायसँग सम्बन्धित कर | ➢ चुरा, धागो, टीका सृंगार मनिहारी सँग सम्बन्धित | १५। | |
| | | ➢ मुरली, बाँसुरी, गुलेली, थैली, जुम्रा, उडुस मार्ने औषधि बेच्ने | ५। | |
| | | ➢ खेल, तमासा देखाउने लाई | २५। | |
| | | ➢ प्रचार, प्रसार गरी व्यवसाय गर्ने | २५। | |
| | | ➢ बाँस प्रतिबयल गाडा | ३०। | |
| | | ➢ बाँस प्रति ट्रक र टिपर | २००। | |
| | | ➢ खटियामा सामान राखी बेच्ने | ५। | |
| | | ➢ फलामको औजार तथा सामान बेच्ने | १०। | |
| | | ➢ भाँडाकुडा पसल | १५। | |
| | | ➢ चिया प्रति दोकान | १५। | |
| | | ➢ फोटो फ्रमिङ्ग र विक्री | १०। | |
| | | ➢ मर्मत (कुकर, लाईट, छाता आदी) | १०। | |

(क) **भैसी गोठ : प्रतिसयकडा रु. ३.५० का दरले ।**

**ख.पशुमवेसी हटियाको करको दररेट**

१.भैसी, रागा, गाई, गोरु, वाछा,वाछी, पाडा पाडी प्रति सयकडा रु ३।

२.खसी वोका पाठा पाठी वाखा सुगुर वड.गुर प्रतिगोटा रु १५।

माथी नपरेका पसल तथा ब्यवसायलाई निर्णय गरि रु ५ देखी ५० सम्म लिईने छ ।

सुवर्ण घिमिरे

कार्यकारी अधिकृत